नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
शाखा : मानवस्रोत विकास, लेखा सुदृढीकरण तथा योजना

मितिः २०८२/०३/२३

विषय: आर्थिक प्रशासन सम्बन्धी सहायकस्तरीय सेवाकालीन तालिममा सहभागीताका लागि आवेदन पेश गर्ने सूचना ।

सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको च.नं. ३३० मिति २०८२/०३/२२ को पत्रानुसार आर्थिक प्रशासन सम्बन्धी सहायकतस्तरीय सेवाकालीन तालिम मिति २०८२/०४/१८ देखि ३३ कार्यदिन (सार्वजनिक विदा बाहेक) सञ्चालन हुने भएको हुँदा नेपाल प्रशासन सेवा, लेखा समूहमा कार्यरत लेखापाल/सहलेखापाल वा सो सरहका रा.प.अनं. प्रथम र द्वितीय श्रेणीका संघ, प्रदेश र स्थानीय तहमा २ बर्ष सेवा अवधी पूरा गर्नुभएका इच्छुक कर्मचारीहरूले मिति २०८२/०३/३२ गते भित्र तपसिलमा उल्लिखित Link मा गई वा दिईएको QR-Code स्क्यान गरी Google Form मा विवरण भरी आवेदन पेश गर्नुहुन यो सूचना जारी गरिएको छ । उक्त तालिममा ८० जना मुख्य र २५ जना वैकल्पिक सहित १०५ जना सहभागी मनोनयन गरी पठाईनेछ । **आ.व. २०८१/८२ को वित्तीय प्रतिवेदन तयारी गर्ने र आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने कार्यमा बाधा नपर्ने गरी कार्यरत कार्यालयको सिफारिस सहित आवेदन गर्नु पर्नेछ ।** साथै यस भन्दा अघि निवेदन पेश गरी तालिममा मनोनयन नहुनुभएका इच्छुक कर्मचारीहरूले समेत यसै Google Form मार्फत पुनः आवेदन गर्नुहुन अनुरोध छ ।

तपशिल:

1. सहायकस्तरीय सेवाकालीन तालिम
   https://forms.gle/iLeNgo47agDtsah66

बोधार्थः

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सबैः आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन ।